# लक्ष्मीनियाँ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८३।२०८४

चलानी नं. :-

मिति २०८३।०६।०६

विषयः सतर्कता अपनाउने बारे अत्यन्त जरुरी सूचना।

जल तथा मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त पूर्वसूचना अनुसार आगामी **असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म** मेघगर्जन, चटयाङ्ग, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको छ। यस सम्भावित प्राकृतिक विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्न र आवश्यक पूर्वतयारीका लागि सम्पूर्ण गाउँपालिकावासीहरूमा देहायबमोजिम सतर्कता अपनाउनुहुन हार्दिक अनुरोध छ।

१. **आधिकारिक सूचनाको आधारमा मात्र यात्रा गर्नेः** मौसमसम्बन्धी अद्यावधिक एवं आधिकारिक पूर्वसूचना नियमित रूपमा लिई सोही अनुरूप मात्र अत्यावश्यक यात्राको योजना बनाउनुहुन।

२. **जोखिमयुक्त क्षेत्रमा आवतजावत नगर्नेः** बाढी तथा कटानको उच्च जोखिममा रहने खोला, नदी किनार, पोखरी तथा जलाधार क्षेत्र आसपास नजानुहुन।

३. **विद्यालय सञ्चालनसम्बन्धी समन्वयः** सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूले सम्बन्धित वडा कार्यालय, नजिकको प्रहरी चौकी एवं गाउँपालिकासँग आवश्यक समन्वय गरी वस्तुस्थिति हेरेर मात्र पठनपाठन सञ्चालन गर्नुहुन।

४. **कृषि तथा पशुधनको सुरक्षाः** पाकिसकेका तथा वर्षाले क्षति पुऱ्याउन सक्ने बालीनाली सुरक्षित तरिकाले समयमै भित्र्याउनुका साथै खाद्यान्न, पिउने पानी, अत्यावश्यक औषधि एवं पशुचौपायाका लागि दाना/घाँसको उचित भण्डारण गरी सुरक्षित राख्नुहुन।

५. **आकस्मिक सम्पर्क तथा सहयोगः** विपद्को जोखिम देखिएमा वा कुनै आकस्मिक सहयोग आवश्यक परेमा तत्काल गाउँपालिकाको विपद् व्यवस्थापन शाखा तथा नजिकको सुरक्षा निकायमा सम्पर्क गर्नुहुन अनुरोध छ।

| विपद् सम्पर्क व्यक्ति | सूचना अधिकारी | ............................ |
|---|---|---|
| अशोक कुमार यादव | रवि कुमार साह | मिथिलेश ठाकुर |
| मो.नं. ९८१७८९९८०१ | ९८५४०२८८३९ | प्रमुख प्रशासकीय अधिकृत |